CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षमा



-लेखक-
रोहिणीप्रसाद खनाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो भनाई

रणीय प्रिय पाठकवृन्द !

आजको परिवर्तनशील संसारका जैविक विविधताका विषयमा केवल वका लागि मात्र वेद, मन्त्र, पुराण, तन्त्र, नीति, धर्मस्मृतिहरुको आविष्कार रप्रसार भएका छन् र विभिन्न कुरामा परिवर्तनको लहरी मौलाएको नै छ । यो त पुस्तकामा मानिसको व्यवहार सुनेर देखेर जानेर बुझेका आफ्ना रणहरुलाई केही अंशमा उतार्ने जमर्को गरिएको छ ।

पुस्तिका शुद्धिका खातिर श्रद्धेय गुरु लोकनाथ लुइँटेल ज्यू धरानमा कलम यौटा दिएको थियो, वहाँका अनुपम कृपावाट नेपाली टीका समेतले कृत भएकोमा हार्पोल्लासद्वारा व्यक्तका साथै वहां (गुरु) लाई धन्यवाद अर्पेकोछु ।

"धन्यवादान् परशातन् वैष्णवाय महात्मने
ददेऽहं विदुषे प्रीत्या लोकनाथाय शर्मणे ॥"

यसका प्रस्तुत विषय विघाहरुमा अरु कसैमहानुभावलाई उद्देश्य गरिएको यो स्वयं हो । हरफ त्रुटिदेखिएमा सज्जनहरुवाट नै सुधारिने कामना गर्दछु ।

"मूल्य सौजन्य हो यसमा विवेक गर्छ स्वागत
झर्को नमान्नु है हेर्दा यही नै धन्यवाद छ ।"

शन मितिः ०६७ माघ २५ श्री पञ्चमी

विनीत
रोहिणी प्रसाद खनाल
हाल विराटनगर-१, पोखरीया, मोरंग

ाषः ९८४२०७६११२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थको नाम : क्षमा

विरचित : रोहिणी प्रसाद खनाल

प्रकाशक : धरणी खनाल, मञ्जु खनाल
ठेगाना : विराटनगर-१, पोखरीया, नमूना मार्ग
सम्पर्क नं. : ९८४२०४९४६७

© सर्वाधिकार लेखक एवम् प्रकाशकमा सुरक्षित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षमाष्टोत्तरशतकम्

यो रचना सम्बन्धमा आद्योपान्त मैले हेरें र मनन पनि गरें । यसभित्र मानवद्वारा मोहवश अज्ञानले जानेर नजानेर कस्ता कस्ता महान् अपराध गरिदा रहेछन् । आफैंले पनि झ्वाक्कएर गरिएको र समाजमा जनतालें गरेको सुनेर, घटेका घटनाहरू देखेर, कसैले कुरा गरेको अनुभव गरेर 'हाय !! राम !! हाय !! राम !!' भन्नपुगें । यथार्थ सुनेको, देखेको, कुरा गरेको सुनेर, अनुभव गरेर लेखेको रहेछ । यस्तो पनि समाजमा हुँदो रहेछ, घट्तो रहेछ । यस्ता अपराध हामीबाट पनि हुन सक्छन् । त्यस्कारण पश्चात्ताप गरी १०८ पटक नारायण भगवान्को नाम पुकार गरेर क्षमा मागेपछि अवस्य क्षमा दिनुहुनेछ भन्ने गीतामा भगवान्को उक्तिद्वारा विश्वास गरेको छु ।

सर्वधर्मान् परित्यज्य मामेकं शरणं ब्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥१८।६६

हामी आफ्नो प्रतिज्ञा तोड्न सक्तछौं , हामी अच्युत होइनौ च्युत हौं । तर भगवान् अच्युत हुनुहुन्छ , आफ्नो प्रतिज्ञा पूरा गरेरै छाड्नुहुन्छ । गुरुको उपदेश स्मृतिमा आयो ।

ननु प्रपन्नः सकृदेव नाथ ! तवाहमस्मीति च याचमानः ॥
तवानुकम्प्यः स्मरतः प्रतिज्ञां मदेकवर्ज्यं किमिदं व्रतं ते ॥
श्रीआलवन्दारस्तोत्रम् ॥६७॥

एकपटक शरण पर्नेलाई ता रक्षागर्छु भन्नुभएको छ र स्वप्रतिज्ञा पूरा गर्नुहुन्छ भने ,यहाँ धेरै पटक क्षमा मागे पछि अवश्य त्याग्नु हुनेछैन । ध्रुव सत्य छ, यो वारवार पढे पछि पापबाट छुटकारा पाइन्छ ।

मलाई गुरु मानेर हेर्न रातो लगाएर शुद्ध अशुद्ध हेर्न समेत यसका रचयिता श्रीरोहिणीप्रसाद खनालज्यूले अनुरोध गर्नुभएको हुदा म धन्य भएँ । कविको हृदयबाट बहेको पवित्र भावगङ्गामा डुब्दा त्यस भित्र आफैं विलाएँ । उहाँको रचना भगवान्को कृपाले नै शुद्ध भएको छ । हामीले प्रयास गर्न आवश्यक छैन । मलाई गुरु मानेर अनुरोध गर्नुभएको हुँदा म उहाँलाई धन्यवाद दिन्छु । आफु सुद्धिने र अरुलाई सुधार्ने चाहना लिएर पढ्ने महानुभावहरूलाई हामीले नित्य आराधना गरिएका उनै भगवान्ले सुख शान्ति दिउन् । उनीहरूको परमकल्याण होस् , यही चाहन्छु । 'हरिः ॐतत्सत्' ३ ॥शम् ॥

पं. लोकनाथ लुईटेल
२०६७/०५/२८

धरान, विजुली मार्ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षमाष्टोत्तरशतकम्

(श्रीगणपतये नमः श्रीवाग्देव्यै नमः)

वाग्देवि ! कवितारूपे ! कवितां सरसां कुरु ।
लेखनी लेखनं कुर्यात् जिह्वा लेढु सदा मम ॥१॥

हे कविताको रूप भएकी सरस्वती माता ! रसिला कविता बनाईदिनुहोस् । मेरो कलम लेख्ने काम गरिरहोस् । मेरा जिब्राले स्वाद लिइरहोस् ॥१॥

कृष्णानने ! द्विजिह्वे ! हे चित्रगुप्तकरस्थिते ! ।
हे लेखनि ! सदा पूज्ये ! रम्या मे रचनाः कुरु ॥२॥

कालो मुख भएकी दुईजिब्रा भएकी चित्रगुप्तका हातमा बस्ने सधैं पूजा गरिने हे लेखनि ! !

मेरा रचनाहरू लाई राम्रा बनाईदिनुहोस् ॥२॥

लक्ष्मीश ! नारायण ! वासुदेव ! गोविन्द ! दामोदर ! राधिकेश ! ॥
भक्तार्तिहर्तर् ! जगदेकनाथ ! क्षमाप्रदाने तु भवान् समर्थः ॥३॥

हे लक्ष्मीश ! हे नारायण ! हे वासुदेव ! हे गोविन्द ! हे दामोदर ! हे राधिकेश ! भक्तको दुःखलाई नाशगर्ने , हे जगत्का मालिक ! क्षमा दानगर्नका लागि तपाईं समर्थ होइवक्षिन्छ ॥३॥

विहीनशक्तिः श्रवदम्बुनेत्रो द्रवन्मना मूर्ध्नि कृताञ्जलिश्च ॥
प्रसादसंयोजितरोहिणी मे नामाऽस्ति लक्ष्मीश ! नमो नमस्ते ॥४॥

शक्तिनभएको, आँखावाट आँसु चुहाइरहने, मन परिलएको, शिरमा हातजोडेर प्रार्थनागर्ने,प्रसाद पछि जोडिएको रोहिणी (राहिणीप्रसाद) मेरो नाम छ ,हे लक्ष्मीनारायण ! तपाईंलाई बारबार नमस्कार छ ॥४॥

स्वभावदुष्टः खलसन्निधानात् देवेषु विप्रेषु विनिन्दकश्च ॥
जडीकृताचारमहान् खलोऽहम् क्षमस्व नारायण ! पापिनं माम् ॥५॥

स्वभावले दुष्ट, दुष्टको सङ्गत्संसर्ग गर्नाले देवतामा, ब्राह्मणमा विशेष निन्दागर्ने, जडबनेर सदाचार त्याग्ने, महान् दुष्ट म हुं । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृता न नित्यं गृहदेवपूजा प्रभातसायन्तनकालयोर्वा ॥
न सत्कृता चातिथयो मया हि क्षमस्व नारायण ! पापिनं माम् ॥६॥

मैले साँझ विहानको समयमा नित्य गृहदेवी देवताको पूजा गरिन ,आएका पाहुनाहरूको पनि सम्मान गरिन । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥६॥

न पूजिता ब्राह्मणविज्ञवर्गा न चाश्रिता साधुजना मया यत् ॥
दत्तं न किञ्चित् खलु भिक्षवेऽन्नम् , क्षमस्व नारायण ! पापिनं माम् ॥७॥

मैले ब्राह्मण विद्वान्हरूको पूजागरिन, साधुजनको सम्मान र आश्रय पनि गरिन , भिक्षुहरूलाई निश्चित् अन्न पनि केही दिइन । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥७॥

वसन्तयामे न च शारदीये समागते वार्षिकपर्वकाले ॥
न वाल-वृद्धा वनिताः सुतोषिताः क्षमस्व नारायण ! पापिनं माम् ॥८॥

वसन्तयाममा, शरदऋतुमा , वार्षिक पर्वहरूमा आएका उत्सवमा वाल-वृद्धहरू र नारीहरूलाई मैले सन्तोष गराइन । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥८॥

विधाय हिंसां शरदुत्सवेषु यथा स्वपुत्रस्य हि पालितस्य ॥
मांसं मदिरामहिफं स्वभुञ्जम् क्षमस्व नारायण ! पापिनं माम् ॥९॥

शरदऋतुमा आफ्नै छोराको जस्तै गरी पालेको जीव हिंसा गरेर मासु, मदिरा र अफिम स्वाद लिई खाँए । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् (अब खान्न यसको अभिप्राय हो) ॥९॥

परम्पराप्राप्तमहानवम्यां स्वीकृत्य हिंसां प्ररमे स्म नित्यम् ॥
सवाल पितृनपि यान् प्रतिभोजयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१०॥

परम्परावाट प्राप्त महानवमीमा हिंसालाई स्वीकार गरेर सधैं म रमाउँथे र वालक, पिता परिवारलाई खुवाउथे , यस्तो म छु , हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१०॥

मयाऽपराधान् विहिताननेकान् जानन्ति नैते परिवारवर्गाः ॥
सन्ति प्रसन्ना अहमेव खिन्नः क्षमस्व नारायण ! पापिनं माम् ॥११॥

मैले धेरै अपराधहरूगरेको छु ,यी परिवारहरू जान्दैनन् र सबै खुसीछन् म मात्र खिन्न छु । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमन्त्रितत्वात् त्वरितं प्रधावन् गोबद्धरज्जूं चरणान्वितं च ॥
दृष्ट्वा समुल्लङ्घ्य समागतोऽहं क्षमस्व नारायण ! पापिनं माम् ॥१२॥

निमन्त्रितहुनाका कारण द्वारा छिटो भन्दा छिटो दौडिदै चरणमा परेर्पान गाईलाई बाँधेको दाम्लोलाई नाघेर त्यहा आएको हुन्थे । गाई बाँधेको दाम्लो नाघ्न महा पापहो । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥११॥

॥१२॥

पञ्चोग्रपापानि महान्ति पूर्वं मयैव चान्यान्युपपातकानि ॥
अज्ञानतो मोहवशात् कृतानि क्षमस्व नारायण ! पापिनं माम् ॥१३॥

ठूलाठूला पाँच उग्रपापहरू (मदिरापान, जीवहत्या, परधनहरण, परस्त्रीहरण, र विश्वासघात) पहिले अरू उपपातक कर्महरू जानेर नजानेर मोहवश गरेका छन् । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१३॥

स्वमार्गसञ्चारणशीलमेनं रम्यां सुनारीं प्रतिलोलनेत्रम् ॥
प्रमत्ततारुण्यकदर्थिनञ्च क्षमस्व नारायण ! पापिनं माम् ॥१४॥

आफ्नो सनातन धर्ममार्गमा हिड्न प्रयत्नशील यो तर रमणीय नारी प्रति आँखा घुमाउने तरुणता पूर्ण भएर मातेर निन्द्य कर्मगर्ने हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१४॥

निषिध्य वा पैतृकपुण्यकाले नित्यं स्वपत्न्या सहवासमेव ॥
कुर्वन्तमेनं शुभकर्महीनं क्षमस्व नारायण ! पापिनं माम् ॥१५॥

पितृकर्म र पुण्यकाललाई यादै नगरी नित्य पत्नीसँग सहवासमात्र गर्ने सुकर्महीन यस पापीलाई हे नारायण ! रक्षागरिर्वाक्षयोस् ॥१५॥

परस्वदारान् हरणे प्रवृत्तं क्षेत्रादिसीमामपकर्षकं च ॥
दुष्टस्वभावं ह्यतिविष्फुरन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१६॥

परस्त्री हरणगर्ने काममा लागेको, खेतको सीमा मिच्ने कामगर्ने दुष्टस्वभाव भएको अति उद्दण्ड हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१६॥

स्नेहात् प्रमादादथवाऽति मोहात् स्वधर्मपत्न्या सह भोजिनञ्च ॥
रुग्णां हि तां नौषधकारिणञ्च क्षमस्व नारायण ! पापिनं माम् ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोहले प्रमादले अथवा अतिस्नेहले आफ्नी धर्मपत्नी सँग खाने (जुठो समेत खाने) ती पत्नी रोगी भएमा औषधि नगर्ने हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१७॥

खाद्येषु वालानपि वञ्चयित्वा मिष्टान्नमेकं ननु भुक्तवन्तम् ॥
आर्तान् निषण्णान् न सुरक्षयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१८॥

खाने पदार्थहरूका विषयमा बालकहरूलाई पनि नदिने मिष्टान्न एक्लै खाने आपत् परेका दुःखीहरूलाई रक्षा नगर्ने, हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥१८॥

निमन्त्रणां प्राप्य धनाय लुब्धमाशक्तिवन्तं विधिमन्त्रहीनम् ॥
नित्यं सदाचारविहारशून्यं क्षमस्व नारायण ! पापिनं माम् ॥१९॥

निमन्त्रणा पाएर धनकालागि लोभी आशक्ति हुने विधि र मन्त्रहीन भएको नित्य सदाचार र विहार शून्य भएको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१९॥

गोपीमृदा श्वेतमृदा विभूत्या त्रिपुण्डकं वोर्ध्वपुण्ड्रं ललाटे ॥
दृष्ट्वा विनिन्दन्तमिमं प्रशस्तं क्षमस्व नारायण ! पापिनं माम् ॥२०॥

गोपीचन्दनले सेतो मृत्तिकाले र विभूतिले (खरानीले) ऊर्ध्वपुण्ड्र वा त्रिपुण्ड्र निधारमा लगाएको देखेर ज्यादै निन्दा गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२०॥

अनश्नतो ह्येकक्षणादशक्तमेकादशीश्रीहरिवासरेषु ॥
तृष्णाबुभुक्षादिभिराकुलं च क्षमस्व नारायण ! पापिनं माम् ॥२१॥

एकादशी श्राद्धविधि पूरा नहुञ्जेलका व्रतहरूमा नखाई एकक्षण वस्न नसक्ने, तीखा भोक प्यासले आकुल हुने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२१॥

सायं प्रभाते जपकर्म कर्तुं स्थितं गृहीत्वैव करेऽक्षमालाम् ॥
कर्तव्यहीनं मनसाप्यशान्तं क्षमस्व नारायण ! पापिनं माम् ॥२२॥

विहान वेलुका जपकर्मगर्न वसेको, हातमा माला लिएर पनि कर्तव्यहीन बनेको, मनले पनि अशान्त म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२२॥

परस्य गेहाद्धनमानयाय कृतप्रयासं चलनेत्रमानसम् ॥
माला स्खलत्येव च बोधहीनं क्षमस्व नारायण ! पापिनं माम् ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्काका घरबाट धन ल्याउनका लागि आखा मन चञ्चल हुने, जपमा वस्ता माला खस्तछ र पानि बोध नहुने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२३॥

यज्ञे विताने यजमानगेहे वृत्वा स्थितं तत्र विचारयन्तम् ॥
धनानि मह्यं कति दास्यतीति क्षमस्व नारायण ! पापिनं माम् ॥२४॥

यज्ञविस्तार गर्नलागेको बेलामा यजमानका घरमा वरण भएर बसेको बेला त्यहाँ मलाई पैसा कति दिन्छ भनेर विचार गरिरहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२४॥

द्यूतादिभिर्दुर्व्यसने निशायां व्याजेन वित्तं हरणे प्रवृत्तम् ॥
सुप्तं च नित्यं दिवसे निशावत् क्षमस्व नारायण ! पापिनं माम् ॥२५॥

जुवातास आदि दुर्व्यसनमा राती खेल्ने व्याजकोनिहुले पैसा झुक्याएर लाने दिनभर सुत्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२५॥

विश्वासहीनं भगवत्कथायां यस्मिन् रुचिः स्यादिति कर्मशीलम् ॥
विलासपत्राणि करे गृहीतं क्षमस्व नारायण ! पापिनं माम् ॥२६॥

भगवान्का कथामा विश्वास नगर्ने जे मनलाग्दछ त्यही गर्ने विलासका तारपत्ति हातमा लिएर खेल्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२६॥

सङ्क्रीडितानीति चतुर्भिरङ्गैर्जनैरनेकैः परिसंवृतेषु ॥
ग्लहं विजेतुं कृतछद्मवाचं क्षमस्व नारायण ! पापिनं माम् ॥२७॥

चारै अङ्गका धेरै जनाले खेलिइने खेल खेल्न सबै भेला भएर जंघटभएको अवस्थामा जुवा जित्न छलकपट्का कुरा गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२७॥

गाणेश आदित्य इमौ , स शैवः , शाक्तोऽथवा वैष्णव ॐप्रसेव्यः ॥
तथैव चान्येषु विभेदशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥२८॥

दुईजनालाई देखाएर यो गणेश भक्त हो, यो सूर्य भक्त हो, त्यो शिव भक्त हो, यो देवी उपासक हो, अथवा यो वैष्णव हो, वा ॐउपासक हो ,त्यस्तै प्रकारले अन्यधर्मीहरूमा पनि भेदगर्नशील
म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वधर्मवर्णाश्रमकर्महीनं विधर्ममार्गं ह्यवलम्बयन्तम् ॥
गोत्रीयमाचारविधिं त्यजन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥२९॥

आफ्नो वर्ण धर्म आश्रम कर्मले हीन भएको, विधर्म मार्गलाई लिएको आफ्ना गोत्र सम्बन्धी आचार विधिलाई त्यागेको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥२९॥

स्वब्रह्मतीर्थस्थितपञ्चगव्यं प्राशन्तमाकुञ्चितनासिकाग्रम् ॥
"चियां" पिबन्तं ननु शुद्धिकामं क्षमस्व नारायण ! पापिनं माम् ॥३०॥

आफ्नो ब्रह्म तीर्थमा स्थित पञ्चगव्य प्राशन गर्दा नाक खुंच्याउने नखाने,चिया पिएर शुद्धि चाहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३०॥

अन्तर्वतीं पुष्पवतीं च भार्यां चकार मत्तः सहवासकर्म ॥
शुष्कार्द्रपापानि बहूनि सन्ति क्षमस्व नारायण ! पापिनं माम् ॥३१॥

गर्भवती र रजोवती श्रीमतीलाई विचारै नगरिकन सहवासकर्म गरें ,मेरा शुकेका र ताजा धेरै पापहरू छन् । त्यस कारण हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥३१॥

पुराणपारायणकर्म कर्तुं व्यासं समारुह्य कथां प्रकुर्वन् ॥
अरञ्जयं वाह्यकथाभिरेवं क्षमस्व नारायण ! पापिनं माम् ॥३२॥

पुराण पारायण कर्म गर्न व्यासमा बसेर कथा गर्दै वाहिरका कथाहरूले मात्र जनतालाई खुशी गराएं । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥३२॥

पुरोहितो ब्राह्मणकर्मशीलः कार्याणि दैवानि च पैतृकानि ॥
विधिं विनाऽकारयं मन्त्रशुद्धिं क्षमस्व नारायण ! पापिनं माम् ॥३३॥

ब्राह्मणहरूमा कर्मशील पुरोहित बनेर दैवी र पितृकार्यहरू मन्त्रशुद्धि विधि विना गराएं । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥३३॥

श्राद्धानि चेके हनि कारयित्वा प्रत्येक श्राद्धेष्वपि खादयन्तम् ॥
कृताऽकृतं ज्ञान विवेक हीनं क्षमस्व नारायण ! पापिनं माम् ॥३४॥

पितृपक्षमा एकै दिन धेरै श्राद्ध गराएर, प्रत्येक श्राद्धमा खादै हिड्ने, गर्न हुने र नहुने कुराको विवेकले शून्य भएको मलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३४॥

पारायणे कर्मणि शब्दवर्णछन्दोलयै र्हीनमुदीरयन्तम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रव्यप्रधानं सुविचारयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥३५॥

पाठपारायण कर्ममम्मा शब्द, वर्ण, छन्द, लय यति, नमिलाइकन उच्चारण गर्ने ,द्रव्यलाई प्रधान मानेर शोचिरहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३५॥

व्रते तिथौ पर्वणि वै तुलस्या विवाहजाग्रामविधिं च कर्तुम् ॥
अशक्तरोगीति सदा ब्रुवन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥३६॥

व्रत तिथि पर्वमा तुलसीको विवाह जाग्राम विधि गर्न अशक्तरोगी छु , सधैं भन्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३६॥

दीपोत्सवे पञ्चकपञ्चरात्रिष्वहर्निशं द्यूतनिवासमुत्सुकम् ॥
लालायितुं तत् परद्रव्यमुत्सुकं क्षमस्व नारायण ! पापिनं माम् ॥३७॥

तिहारमा यमपञ्चकका पाच रात्रिमा दिनरात नविसाई जुवाघरमा बस्न चाहने, त्यो परद्रव्यलाई अतिलोलुप भावले चाहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३७॥

पुराणसञ्चालनकर्मशीलं कथा मनुक्ता मपि कल्पयित्वा ॥
जनान् विचार्यैव हि वाचयन्त क्षमस्व नारायण ! पापिनं माम् ॥३८॥

पुराण सञ्चालन कर्म गर्न लागि परेको तर मान्छे हेरी पाठ कथा गर्ने नभएको आफु बनाएर भनी श्रोतालाई दङ्गदास पार्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥३८॥

प्रसस्तवित्तेऽपि परोपकारे किञ्चिन्न दाता खलु सञ्चयार्थी ॥
सदाऽभवं लोभयुतः कदर्यः क्षमस्व नारायण ! पापिनं माम् ॥३९॥

प्रसस्त धन भए पनि परोपकार कर्म अलिकति पनि नगर्ने दान नदिने ,सञ्चय मात्र गरिरहने, सधैं लोभ गर्ने कदर्य म भए, हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥३९॥

मातापितृभ्यां प्रथमं प्रभुक्तमुच्छिष्टमन्नं ननु घोषयन्तम् ॥
निर्भर्त्स्य तौ रोषण-वाक्य-वाचकं क्षमस्व नारायण ! पापिनं माम् ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितामातालेे पहिले खाएर रहेको अन्न जठो भनेर घोपणा गर्ने ,पितामातालाई भर्त्सना गरेर रुखावचन बोल्ने , म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४०॥

पत्न्या कृतं भोजनमेव पूर्वं तत् खादयन्तं प्रतिवासरेषु ॥
स्वभावतश्चञ्चलं लुब्धकं च क्षमस्व नारायण ! पापिनं माम् ॥४१॥

श्रीमतीले पहिले नै खाएको चाहि सधै मीठो मानेर खाने स्वभावले नै चञ्चल र लोभी म भएं, हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥४१॥

वासन्तिके पर्वणि शारदीये दुर्गार्चनाकर्मछलं विधाय ॥
स्वपोषिताजस्य हि मांसभोजिनं क्षमस्व नारायण ! पापिनं माम् ॥४२॥

वसन्त ऋतु र शरद ऋतुको पर्वमा दुर्गाको पूजागर्ने छलले आफैले पालन पोषणगरेका बाखाको मासखाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४२॥

सुवर्णचौरं परदारहारिणं निष्कास्य कोषादसिहस्तधारिणम् ॥
विनाऽपराधं खलु दण्डकारिणं क्षमस्व नारायण ! पापिनं माम् ॥४३॥

सून चोर्ने, परस्त्री हरण गर्ने , कोषबाट झिकेर खड्ग हातमा लिने,अपराध विना पनि दण्डदिने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४३॥

तैलस्य वा यल्लवणस्य मूल्ये वणिक्जनायैव च छद्मशीलम् ॥
स्वकार्यसिद्धयै परजीवशूलं क्षमस्व नारायण ! पापिनं माम् ॥४४॥

तेलको वा नूनको मूल्य सम्बन्धमा व्यापारीलाई पनि झुक्याउने, आफ्नो कार्य सिद्धिका लागि अर्कालाई घोचिदिने हत्या गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४४॥

संस्कारहीनं मदिरां पिवन्तं व्रात्यं यथा क्रूरपशूं भवन्तम् ॥
अन्यान् विहन्तुं सततं रमन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥४५॥

संस्कार नभएको मदिरा पिउने,जातिच्युत भएको क्रूर पशु जस्तै भएको, अरुलाई मार्न सधै रमाउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४५॥

संरोपिता वृक्षलतास्तथा तान्यारामकुञ्जान्यपि नाशयन्तम् ॥
गोष्ठे गृहे वहिनदं दुष्टशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ले रोपेका वक्ष लहरा लताहरू,त्यस्तै तीं वगैचा कुञ्जहरूलाई पानि नाशगर्ने घर गोठहरूमा आगो लगाउने दुष्टशील स्वभाव भएको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४६॥

स्वभोजनायौदनपाचयन्तं सुरम्यवस्तुष्वपि लोभयन्तम् ॥
विनार्पणं वह्निषु भोजिनञ्च क्षमस्व नारायण ! पापिनं माम् ॥४७॥

आफ्ना निमित्तमात्र भात पकाउने,रम्रा वस्तुहरूमा लोभ गर्ने, खाद्यवस्तु आगामा नचडाइकन खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४७॥

निमन्त्रणा नास्ति हि यत्र यज्ञे गत्वा हठादेव च तस्थिवांसम् ॥
लालायितं तत् किल दक्षिणार्थं क्षमस्व नारायण ! पापिनं माम् ॥४८॥

जुन् यज्ञमा निमन्त्रणा छैन त्याहां गएर हठ पूर्वक वस्ने दक्षिणा पाउनका दागि लोभ गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४८॥

सुकन्दकाऽरिष्टलतार्कवार्ता चीनालुभिण्डीतक मिश्रितानि ॥
श्राद्धे निषेधान्यपि भोजयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥४९॥

श्राद्धका भोजनमा प्याज, लसुन, छ्यापी,वैगुन, आलु, गोलभेंडा मिसाएर पकाएका भोजनहरु निषेध छन् तर यस्तै चिजहरुको भोजन गराउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥४९॥

मांसाण्डमत्स्यादिविराजितानि खाद्यान्नसम्पादिततामसानि ॥
वस्तूनि तान्येव हि खादकं च क्षमस्व नारायण ! पापिनं माम् ॥५०॥

मांस अण्डा माछा आदि घोलेर खाद्यान्न तयार पारिएका तामस खानाहरू ती ती खोजेर खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५०॥

नीचेषु सख्यं खलसगतं च म्लेच्छान्त्यजादीनपि याजयन्तम् ॥
क्षुद्राशया तद्धनलुब्धकामं क्षमस्व नारायण ! पापिनं माम् ॥५१॥

नीचजन संग मित्रता गर्ने दुष्टको सङ्गत गर्ने म्लेच्छ र अन्त्यज जातिहरूलाई पानि यज्ञ गराउने क्षुद्र आशा लिएर धन बटुल्न चाहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५१॥

आशौचकालेऽपि च वित्तहेतोः तोयाञ्जलिं चार्पितबन्धुगेहे ॥
दूरात्पठन्तं परयाजयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जठो परेको वेलामा पनि धनको लोभले तीर्थाऽर्जित अर्पण गरेर टाढावाट पढेर जनयज्ञगराउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५२॥

दुःखाब्धिगर्तेषु निमज्जमानं मातापितृभ्यां सह वैरशीलम् ॥
स्वदायदं प्राप्य च दुष्टशीलम् क्षमस्व नारायण ! पापिनं माम् ॥५३॥

दुःखका गर्तमा डुबेको पितामाता सग वैरभाव गर्ने आफ्नो अंश लिएर पनि दुष्ट्याइं गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५३॥

दीर्घं यतिं ह्रस्वमुदात्तनीचे सारस्वरं वेदविधिं विहाय ॥
वित्ताशया केवलपाठकं च क्षमस्व नारायण ! पापिनं माम् ॥५४॥

ह्रस्व दीर्घ यति उदात्त नीच सारस्वर वेदका विधिहरूलाई छोडेर धनको लोभले पाठमात्र गरेकै गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५४॥

माधुर्यसुस्पष्टवचो विनैव हहादिरीत्या किल पाठकारिणम् ॥
द्रव्याशया छद्मकलां सुपालकं क्षमस्व नारायण ! पापिनं माम् ॥५५॥

माधुर्य स्पष्ट उच्चारण विना नै हह आदि अनुचित ध्वनि निकालेर पाठगर्ने द्रव्यको लोभले अनेक कला पालन गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५५॥

कादम्ब-केकी-शुक-ताम्रचूड-हंसादि-पारावत-सारिकाणाम् ॥
तेषां वणिक्कर्मविधानशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥५६॥

घरमा पालने हाँस, मयूर ,सुगा, कुखुरो,जलहाँस,परेवा,मैनाहरूको व्यापार गर्न सीपालु म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५६॥

उपेक्ष्य स्वान् गाः महिषीप्रपोषकं विक्रीतदुग्धं वहुनीरमिश्रितम् ॥
द्रव्यस्य लोभादतिवञ्चकं यं क्षमस्व नारायण ! पापिनं माम् ॥५७॥

आफ्ना गाईलाई उपेक्षा गरेर भैंसी पोषण गर्ने धेरै पानी मिसाएर दूध वेच्ने पैसाका लोभले अत्यन्तै ठग्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५७॥

यं हिंस्रकं मेषशशादिपालकं तल्लोमसंकर्तनकारकं च ॥
विक्रीकृते मूल्यविवृद्धिसाधकं क्षमस्व नारायण ! पापिनं माम् ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो पशु हिंसा गरी हिडने भेडो खरायो आदिलाई पाल्ने तिनीहरूको रौं काटेर बिक्रीगर्ने काममा मूल्यवृद्धिको साधना गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५८॥

गोयुग्मयुद्धे द्विजयोर्विवादे वध्वाश्च श्वश्र्वा सह वाग्विवादे ॥
प्रहर्षयन्तं करयोर्निनादात् क्षमस्व नारायण ! पापिनं माम् ॥५९॥

गाई गोरु जुधेको बेलामा, ब्राह्मणहरूको झगडामा बुहारीको सासु सँग बाझेको बेलामा हात पट्काएर हांस्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥५९॥

स्वाध्यायकाले न हुतं हुताग्नौ न नित्यदानञ्च कृतं ह्यनाथे ॥
शुद्धं न भुक्तं दिवसे व्रतादौ क्षमस्व नारायण ! पापिनं माम् ॥६०॥

स्वाध्याय को समयमा अग्निमा हवन गरिएन, अनाथहरूका उपरमा नित्यदान पनि गरिएन,व्रत श्राद्धको अगाडि शुद्ध हविष्यान्न पनि खाइएन,यस्तो जे मन लाग्यो त्यही गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६०॥

गणेश-दुर्गा-हर-केशवानां न दर्शनं स्वीकृतवान् हि मन्दिरे ॥
जलार्घ्यमात्रं न च भास्करेऽर्पितं क्षमस्व नारायण ! पापिनं माम् ॥६१॥

गणेश,दुर्गा,शिव,केशव भगवान्हरूको दर्शन मन्दिरमा स्वीकार गरिन मन्दिरमा दर्शन गरिन सूर्यमा पनि जलले अर्घ अर्पण सम्म पनि गरिन म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६१॥

न ब्रह्मचिन्ता,न यमस्य चिन्ता मांसादिभक्ष्यस्य सदैव चिन्ता ॥
स्थानं न स्यान्मे नरकेऽपि सत्यं क्षमस्व नारायण ! पापिनं माम् ॥६२॥

मेरो ब्रह्मचिन्ता भएन यमराजको पनि चिन्ता गरिन केवल मधुमांसादिको मात्र चिन्तागरें साँचै नरकमा पनि मेरो स्थान छैन होला यस्तो म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६२॥

पाकं विधायैव च वायुवह्निना विनार्पणं तद्द्विजदेवगोषु ॥
भूमौ वलिञ्चापि विहाय भोजिनं क्षमस्व नारायण ! पापिनं माम् ॥६३॥

हावाको आगोले खानेकुरो पकाएर देवता ब्राह्मण गाईमा अर्पण र भूमिमा वलि पनि नगरिकन खाने यस्तो म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६३॥

द्रव्यार्थसम्पादितभोजनालये निन्द्यैर्जनैर्भोजनवस्तुविक्रये ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थित्वात्र सूपौदनभोजिनं वै क्षमस्व नारायण ! पापिनं माम् ॥६४॥

निन्द्यजनहरूले भोजनवस्त्र विक्रीगर्न पैसा कमाउन तयार गरिएको भोजनलय(होटल)मा बसेर दालभात खाने यस्तो म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६४॥

स्वकीयवर्णाश्रमवेदधर्मं परम्पराप्राप्तसनातनं च ॥
त्यक्त्वा पतन्तं परपाकभोगात् क्षमस्व नारायण ! पापिनं माम् ॥६५॥

परम्पराबाट प्राप्त आफ्नो वैदिकसनातनधर्मलाई त्यागेर जथाभावी खाएर गिर्नलागेको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६५॥

सूचीकृतादीनि च कञ्चुकानि गुप्ताङ्गजङ्घोपरिसंधृतानि ॥
नोन्मुच्य सोपानहभोजिनं च क्षमस्व नारायण ! पापिनं माम् ॥६६॥

सीएका सबै अङ्गमा धारण गरिएका दौरा सुरुवाल कट्टु नफुकालिकन जुत्तासगै खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६६॥

व्यासासनस्थे हरिसेवनाय गुरौ सदा हेलनहास्यशीलम् ॥
स्वयं हसन्तं जनहासयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥६७॥

हरिभगवान्को सेवागर्न व्यासमा बसेका गुरुमा हेला उपहास गर्दै आफुपनि हाँस्ने अरुलाई पनि हँसाउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६७॥

उत्कोचलोभादनृतेषु साक्षिणं दुष्टस्य पक्षे प्रतिवादकं वा ॥
साधौ जने न्यायविरोधिनं च क्षमस्व नारायण ! पापिनं माम् ॥६८॥

पैसाका लोभले झुट्टा विषयहरूमा साक्षी बस्ने दुष्टको पक्षमा कसिएर कुरा गर्ने साधुजनमा न्यायको विरोधगर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६८॥

विवाहतीर्थव्रतदानकर्मसु तनाद्धनाद्वा वचनाच्च वाधकम् ॥
स्नानादिदानं परिवर्जयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥६९॥

विवाह,तीर्थ,व्रत,दानकर्महरूमा शरीर धन र वचनले बाधक बन्ने ,स्नान,दान सबै शुभकामलाई त्याग्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥६९॥

ऋणं गृहीत्वापि च तन्निवृत्तये चातुर्यवाग्भिश्छलछद्मकारिणम् ॥
असत्यवाग्भिः शपथं च कारिणं क्षमस्व नारायण ! पापिनं माम् ॥७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋणालिएर पनि तीनका लागि चातुर्यपूर्ण वचनहरूद्वारा छलछाम गर्ने असत्य वाणीहरूले शपथ
(क्रिया) पनि खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७०॥

ये सन्ति मातापितरः स्वपुत्रा दीनाश्च किञ्चिद् रसभोजनान्नम् ॥
तेभ्यो न दत्वा खलु भुक्तवन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥७१॥

जो माता पिता पुत्रहरू र दीनदुःखी छन् तिनीहरूलाई केही रस खाने अन्न न दिई आफुमात्र खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७१॥

न सन्ति हस्तौ युगलौ च पादौ बुभुक्षितः सर्पति सर्पवत् यः ॥
द्रव्याणि तस्मै न फलानि दायिनं क्षमस्व नारायण ! पापिनं माम् ॥७२॥

दुवै हात गोडा छैनन् जो सर्प झैं घिस्रिएर हिड्दछ , त्यस्तालाई पैसा फल केही नदिने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७२॥

स्वरोपितानां पररोपितानां लतातरूणां शुभवाटिकायाम् ॥
संभञ्जनोन्मूलनछेदकारिणं क्षमस्व नारायण ! पापिनं माम् ॥७३॥

आफुले रोपेका अर्काले रोपेका वगैंचामा फुलविरुवा रुखहरूको विनाशगर्नेकाम भाँच्ने उखेल्ने काट्ने गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७३॥

सञ्चारमार्गे रमणीयभूमौ देवालये पेयपवित्रनीरे ॥
विड्मुत्रकेशानभिवर्षयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥७४॥

हिडने वाटामा राम्रा भूमिमा देवालयमा पिउनलायक पवित्र पानीमा विष्टा मुत्र केशफालेर फोहोर पार्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७४॥

गृहे स्थितानां प्रियदम्पतीनां मातापितृणां भगिनीशिशूनाम् ॥
वचोभिरग्रे कटुशब्दकारिणं क्षमस्व नारायण ! पापिनं माम् ॥७५॥

घरमा रहेका दम्पती, माता पिता बहिनी बालकहरूका अगाडि तीखो शब्द बोल्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७५॥

शिशोः स्वमातुश्च वियोगकारिणं गोवत्सकानां रसभागहारिणम् ॥
पाषाणवन्निष्ठुरनिर्दयं खलं क्षमस्व नारायण ! पापिनं माम् ॥७६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालकको आमाबाट वियोग गराउने,गाईका बाछाको दुधभाग सबै दहने, दुङ्गा जस्तो कठोर निर्दय दुष्ट म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७६॥

मान्यद्विजाग्न्यग्रगतिं विधास्यचोल्लङ्घ्य वस्तून्यपिदोषकारी ॥
हरेः प्रसादं कृतवानुपेक्षां क्षमस्व नारायण ! पापिनं माम् ॥७७॥

मानीयजन, ब्राह्मण,अग्निका अगाडिहिड्ने,वस्तुहरूलाई नाघेर दोषी बनाउने मैले हरिभगवान्को प्रसादलाई पनि उपेक्षा गरे । हे नारायण ! म पापीलाई क्षमा गर्नुहोस् ॥७७॥

जनाधिवासे वनगोष्ठमार्गे प्रज्वाल्य वह्निं वहुदुःखदायकम् ॥
शङ्क्वादिभिर्मार्गनिरोधकं च क्षमस्व नारायण ! पापिनं माम् ॥७८॥

जनता वस्ने ठाउमा वनमा गोठमा बाटामा आगो बालेर धेरै दुखदिने आइकुसे काडाहरूले बाटो रोक्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥७८॥

वित्तं दशाहान्तर सञ्चयन्तम तग्राहकं लुब्ध तयैव जीव्यम् ॥
अशुद्धशुद्धं सुविवेकहीनं क्षमस्व नारायण ! पापिनं माम् ॥७९॥

मृत्यु भएका दशाहको माझमा अन्न ग्रहण गर्ने पक्वान्न पनि खाने अत्यन्त लोभी अशुद्ध शुद्ध विवेक नभएको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८०॥

एकादशाहेऽपि सुभुक्तवन्तं प्रेतान्नशैयामुपभोगिनं च ॥
स्ववामहस्तेन सदैव भक्षकं क्षमस्व नारायण ! पापिनं माम् ॥८०॥

मृत्यु भएका घरको एघारौ दिनमा पनि गजव संग खाने, प्रेतशैया पनि लिने, खाने, देब्रे हातले सधैं खाने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८०॥

शौचैर्विहीनं मलिनाम्बरावृतं स्वाचारनिवृत्तविधर्मशीलम् ॥
सनातनं धर्म परित्यजन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥८१॥

शौचादिले हीन भएको, मैलावस्त्र लाउने, आफ्ना आचारवाट हटेको, विधर्म लिएको सनातन धर्म त्याग्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८१॥

आडम्बरैः सज्जनवत् सुसज्जितं कापालिकं वा नटवेषधारिणम् ॥
ग्रामे चरन्तं पणसञ्चयार्थं क्षमस्व नारायण ! पापिनं माम् ॥८२॥

आडम्बरहरूले सज्जन झैं सुसज्जित, खपरु लिने, नटुवाको वेप धारण गर्ने, पैसा सञ्चय गर्न गाउमा घुम्ने, म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिक्षान्नपुञ्जीकृतविक्रयेण सुरां पिवन्तं सह मत्स्यमांसैः ॥
वाराङ्गनाभिः सहवासिनं च क्षमस्व नारायण ! पापिनं माम् ॥८३॥

भिक्षान्न धेरै बनाएर आएका पैसाले माछामासुका साथ मदिरा पिउने वाराङ्गनासग सहवास गर्ने
म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८३॥

मात्रा विक्षिप्तं ननु वालमेकं सद्यः प्रजातं मरणोन्मुखं च ॥
दृष्ट्वापि मौनेन गृहं प्रयातं क्षमस्व नारायण ! पापिनं माम् ॥८४॥

आमाले फ्याकेको, तुरुन्त जन्मेको तर मरणोन्मुख भएको देखेर पनि चुपलागेर घरतर्फ हिड्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८४॥

वर्षासु शीतेषु विशेषघर्मे कष्टे स्थितान् वालकदीनवृद्धान् ॥
दृष्ट्वाऽपि नोद्धारणकर्मशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥८५॥

पानी वर्षिएको वेलामा , शीतपरेको वेलामा , विशेषगर्मीमा , कष्टमा रहेका वालक दीन वृद्धहरूलाई देखेर पनि उद्धारकर्म नगर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८५॥

दानं ददामीति च लोभयित्वा जनान् समाहूय विभर्त्सयन्तम् ॥
वालं रुदन्तं वहुताडयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥८६॥

दान दिन्छु भनेर लोभ्याएर जनताहरूलाई वोलाएर उल्टै भर्त्सनागर्ने , रुदै गरेका वालकलाई अझ पिट्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८६॥

कुमारिका-धर्मवती-व्रतस्था-तपस्विनी-पुण्यवतीषु तासु ॥
मोहेन दुष्कर्मरतं कुशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥८७॥

कुमारी,धर्मात्मा, व्रतमा रहने, तपस्यागर्ने, पुण्यवती यी नारीहरूमा मोहले दुष्कर्ममा लाग्ने ,खराव आचरण भएको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८७॥

स्वधर्मवर्णाश्रमसंस्थितेषु नित्यं सदाचाररतेषु सत्सु ॥
व्यर्थं दुरारोपमुदीरयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वधर्ममा,वर्णाश्रममा रहेका नित्य सदाचार मर्यादामा तल्लीन हुने जनहरूमा व्यर्थै दुष्ट आरोप लगाउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८८॥

पुष्पाणि नेतुं सुमवटिकायां सकुड्मलं पत्रसमं विछित्य ॥
आकुञ्च्य शाखामपि भञ्जयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥८९॥

फूल लिन फूल वाटिकामा गएर कोपिला सहित पत्रसहित छिनाएर टिप्ने, हाँगा पनि मकाएर भाच्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥८९॥

मैत्रीकृता येन धनं विलोक्य तं वञ्चयित्वा धनमाहरन्तम् ॥
मित्रत्वभावादपि दूरयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥९०॥

जसले धन देखेर मित्रता गऱ्यो, त्यस मित्रलाई ठगेर धन हरण गर्ने ,मित्रताको भावबाट पनि दूर रहने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९०॥

त्यक्त्वा सदाचारवतीं सुशीलां संगृह्य चान्यामनभिज्ञशीलाम् ॥
तां पूर्वपत्नीं परिभर्त्सयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥९१॥

सुशीला सदाचारवती पत्नीलाई त्यागेर आचारविचार नजानिएकी ल्याएर रमाउने र पूर्वपत्नीलाई भर्त्सना गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९१॥

मठे वसन्तं शिवपूजनार्थं सम्पत्तिवन्तं ह्यपि हीनवन्तम् ॥
द्रव्यं शिवस्वं ग्रहणेऽतिलुब्धं क्षमस्व नारायण ! पापिनं माम् ॥९२॥

शिवपूजनका लागि मठमा बस्ने, सम्पत्ति भए पनि नभए झैं हुने शिवस्व द्रव्य ग्रहण गर्न अत्यन्त लोभी म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९२॥

समन्त्ररेखाङ्कनवर्जितायां गव्येन लेपादिविहीनभूमौ ॥
शुद्धिं विना कर्मविधानशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥९३॥

मन्त्र पढेर रेखी न लगाएका, गोबरले लिप्ने आदि कुनै काम नभएका अशुद्ध भूमिमा शुद्धि विना नै यज्ञकर्म गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९३॥

नाम्ना सुयज्ञं विधिमन्त्रहीनं कृतं हि तेनेह वदन्तु लोकाः ॥
प्रसिद्धिकामं हरिभक्तिहीनं क्षमस्व नारायण ! पापिनं माम् ॥९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधमन्त्र नभएको नामले सुयज्ञ त्यसले गर्यो जनताले भनुन् भन्ने पर्सार्द्ध चाहने हरभांक्हीन म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९४॥

गणेश-देवी-रवि-शम्भु-विष्णून् विहाय वैतालिकडाकिनीनाम् ॥
सेवारतं कुत्सितकर्मशीलं क्षमस्व नारायण ! पापिनं माम् ॥९५॥

गणेश,देवी,सूर्य, शिव,विष्णुलाई छाडेर भूत प्रेत पिसाच बोक्सी डाइनीको सेवामा तल्लीनहुने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९५॥

शत्रोर्विनाशस्तु भवेन्नितान्तं ममैव भूयात्सततं चिरायुः ॥
इमं विचार्यैव हि जीवघातकं क्षमस्व नारायण ! पापिनं माम् ॥९६॥

शत्रुको अवश्य नाश होस्, म मात्र चिरायु हुन सकौं , यो विचार गरेर नै जीवहत्या गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९६॥

आडम्बरैरावृतवाह्यदेहं मनोजवाणैर्व्यथितान्तरालम् ॥
धौर्त्यं कलापूर्णतयैव जीविनं क्षमस्व नारायण ! पापिनं माम् ॥९७॥

आडम्बरले छोपेको बाहिरी शरीर भएको कामबाणले भित्री हृदय पीडित भएको धूर्तता विशेष चातुर्यताले बाचेको म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९७॥

धर्मस्य नाम्ना धनसञ्चयन्तं कार्येषु किञ्चि न समर्पयन्तम् ॥
पुञ्जेषु सांशीकृतभुक्तवन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥९८॥

धर्मको नामले धन कमाउने धर्मकार्यमा अलिकति पनि खर्च नगर्ने त्यसमा भाग स्वीकार गरेर खाइहाल्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९८॥

नृणां समूहं परिकल्प्य पूर्वं फल्गूनि वाक्यान्यपि जल्पयन्तम् ॥
स्वार्थस्य पश्चात् खलु विस्मरन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥९९॥

मानिसहरूको समूहलाई पहिले कल्पना गरेर फल्गु वचनहरू धेरै बोल्ने , स्वार्थ सिद्धिका लागि बिर्सिने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥९९॥

अन्यान् तिरस्कृत्य विवादयन्तं नाम्नैव खाद्यं परिवर्तयन्तम् ॥
कर्तव्यकर्माणि न शोचयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१००॥

अरुलाई तिरस्कार गरेर बादविवाद गर्ने नामले मात्र खाने कुरा परिवर्तन गर्ने , कर्तव्य कर्म नशोच्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१००॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सभान्तरे वैष्णवं स्वं ब्रुवन्तं गृहान्तरे मांससुराः पिवन्तम् ॥
दृष्टौ सुसभ्यं हृदयेऽतिक्रूरं क्षमस्व नारायण ! पापिनं माम् ॥१०१॥

सभाका बिचमा आफ्‌लाई वैष्णव भनाउने , घरमा भने मांस खाने मदिरा पिउने अरुका दृष्टिमा असल सभ्यहुने , हृदयमा अत्यन्त क्रूरहुने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०१॥

पित्रर्थकार्याणि विसर्जयन्तं परस्य कार्याणि तु कारयन्तम् ॥
मृदूवा सुवाचा जनतर्जयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१०२॥

पितृकार्य त्याग्ने अर्काका कार्यहरू चाहि गराउने मृदु वचनले जनता त्रसित गराउने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०२॥

दाने दरिद्रं ग्रहणे प्रबुद्धमाशक्तितोऽन्येषु धनेषु गृद्धम् ॥
परोपकारं न कृतं कदापि क्षमस्व नारायण ! पापिनं माम् ॥१०३॥

दान गर्ने विषयमा दरिद्र, लिने विषयमा चलाख,आसक्ति वनेर अर्काको धनमा लालचा गर्ने कहिल्यै पनि परोपकार नगर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०३॥

गो-विप्र-विज्ञेषु विरोधयुक्तं परस्य छिद्राण्यति मार्गयन्तम् ॥
अहं प्रबुद्धोऽस्मि हि भावयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१०४॥

गो, ब्राह्मण, विद्वानहरूमा विरोधगर्ने अर्काको छिद्र मात्र खोजिगर्ने म जात्तिको कोही जान्ने छैनन् भन्ने भावना राख्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०४॥

प्रस्तावितेदानविधौ हि गावः कस्मै प्रदेया इति तर्कयन्तम् ॥
तद्ग्राहकं मामिति कारयन्तं क्षमस्व नारायण ! पापिनं माम् ॥१०५॥

दानगर्न प्रस्ताव भएमा यी गाईहरू कस्लाई दिनेहोला, यस्तो तर्कगर्ने , त्यस गाईको ग्रहण गर्ने वाला म हुनु पर्छ भनी व्यवस्था मिलाउन प्रयास गर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०५॥

यज्ञे सभायां विदुषां जनानां मध्ये स्वयं श्रेष्ठतमो हि मत्वा ॥
'हुं'कारयन्तं कटुवाक्समूहैः क्षमस्व नारायण ! पापिनं माम् ॥१०६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यजमा सभामा विद्वनजनहरूका माझमा आफैं सर्वश्रेष्ठ साँझएर वाक्समूहले हुंकारगर्ने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०६॥

वेदोक्त संस्कार विसर्जयन्तं प्रदर्शयन्तं तिलकं शिखाञ्च ॥
अत्यन्त दीर्घं परिधास्य धारकं क्षमस्व नारायण ! पापिनं माम् ॥१०७॥

आफ्नो वैदिक संस्कार छोडेर तिलक शिखा मात्र देखावटी गर्ने , पहिरन पोपाक लामु पारेर मुखले साधु हुने म पापीलाई हे नारायण ! क्षमा गर्नुहोस् ॥१०७॥

ब्रह्मकर्मणि सम्भ्रष्टो रमेश ! लुप्तमानसः ॥
पश्चात्तापेन सन्तप्तश्चरणौ ते ब्रजाम्यहम् ॥१०८॥

हे रमेश ! ब्रह्मकर्ममा भ्रष्ट भएको चित्तवृत्ति लुप्त भएको पश्चात्तापले पीडित भएको म तपाईंका चरणमा शरण पर्दछु ॥१०८॥

सावधानतया वर्ते ह्येतन्निश्चयकारिणम् ॥
नारायण ! क्षमस्वैनं व्रतैः सेवे पुनः पुनः ॥१०९॥

निश्चय अब म सावधान बनेर रहन्छु ,व्रतहरूद्वारा बारबार सेवा गर्दछु । हे नारायण ! यसलाई क्षमा गरिर्वाक्षयोस् ॥१०९॥

गायत्रीं परमां स्ववेद विहिता त्यक्त्वा स्वजात्या च्युतं
म्लेच्छ्याचारपराणैः परजनैः पाखण्डिभिर्दीक्षितम् ॥
तन्मन्त्रं जपकारकं मलिनजात् प्राप्तं प्रमाद प्रदं
द्वेषा द्धर्वरकं क्षमस्व भगवान ! मूर्खं कुबुद्धिञ्चमाम् ॥११०॥

आफ्नो परम कल्याणकारी वेदमातृ गायत्री मन्त्र छोडेर बन्धु जातिबाट खसेको , पर धर्म परायण नीचमतानुयायीबाट दीक्षा मन्त्र ग्रहण गरी त्यसको जप पालना गर्ने प्रमादले उन्मत्त भै रिसाइ बर्बराइ अरुलाई काबू गर्न लागेका मपापीलाई हे भगवान ! क्षमा गर्नुहोस् ॥११०॥

फलश्रुति

नानाभ्रान्तिमयो विधर्मसु रतः पाखण्डकर्मोन्मुखः
स्वाचाराद्विरतः कुसङ्गतिरतः पैशाचभावे स्थितः ॥
व्याख्याने कटुवाक्यवाचनपटु र्धर्मध्वजो यः शठः
श्रीनारायणचिन्तनात् प्रतिदिनं पाठात् स मुक्तो भवेत् ॥१११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नानाप्रकारका भ्रान्तिले युक्त भएको, विधर्ममा लागेको, पाखण्डकर्म गर्न प्रवृत्त भएको, सदाचार त्यागेको, कुसङ्गतिमा फसेको, पिशाचको जस्तो वृत्तिमा लागेको,बोल्दा पनि कटु वचन बोलने

धर्मको ध्वजा बोक्ने मुख भए पनि प्रतिदिन पाठ गर्नाले र श्रीनारायणको चिन्तन गर्नाले मुक्त हुनेछ ॥१११॥

आचारात् पतितो नरः कुचरितो नीचो जनै निंन्दितः
शुद्धाचारविधानतः स हि भवेत् सम्मानितो बुद्धिमान् ॥
तस्मात् सज्जनवृन्द ! सशृणुत मे वाणीं सुधामिश्रितां
श्रीनारायण एव चिन्तनपरैः पूजादिभिः सेव्यताम् ॥११२॥

आचारबाट पतित मनुष्य कुचरित्र भएको, मानिसहरूले निन्दा गरिएको नीच छ भने पनि त्यही मान्छे शुद्धाचारविधानद्वारा सम्मानित बुद्धिमान् हुन्छ । हे सज्जनवृन्द ! मेरो अमृत मिसिएको वाणी सुन्दिनुहोस् । चिन्तनमा लागिपरेर तपाईंहरू पूजा आदिद्वारा श्रीनारायण (श्रीलक्ष्मीनारायण) लाई नै सेवागर्नुहोस् ॥११२॥

श्रीनारायणार्पणमस्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक परिचयः

नाम	:	गोहिणी प्रसाद खनाल
जन्मस्थान मिति	:	संखुवा-सभा खादवारी न.पा.-३ १९९२।४।२२ गते
पिता	:	मधुसूदन खनाल
माता	:	पद्मा देवी खनाल
पत्नी	:	टककुमारी खनाल
सन्तान	:	छोराः टीका, धरणी खनाल छोरीः रिता, अधिकारी, तिलोत्तमा भट्टराई
शिक्षा	:	सा.पू.म. (संस्कृत)
पेशा	:	निवृत्ति मरण प्राप्त शिक्षक
कृति प्रकाशित	:	१. पुरुषोत्तम पूजा वैदिक (धार्मिक) २०४१ २. प्रिय प्रलाप (शोककाव्य) २०५६ ३. चन्द्रकान्त (खण्डकाव्य) २०५८ ४. फुटकर कविता विभिन्न पत्रिकामा ५. क्षमा (ख.का.) पाठकका हातमा हाले २०६७
कृति अप्रकाशित	:	पद्यरचना, गृहस्थ (ख.का.) संस्कृत भाषा, नैतिक पाठ संस्मरण, वैराग्य विभव, विभिन्न सं.ने कविताहरु
अभिनन्दन	:	१. ने.रा.शि. सङ्गठन जि.स.द्वारा २०५४।१२।२९ गते २. मकालु त्रिशक्ति साहित्य समूहद्वारा २०६२।३।२९ ३. १७ औ अभिभावक दिवस श्री लक्ष्मी प्रा.वि. गुवावा खा.न.पा.-३ वाट
पाएका सम्मान	:	१. जि.शि.स.सं.स.वाट प्रशंसा पत्र २०४६।११।१२ २. वि.हिन्दु महासंघ-सामाजिक अभ्युत्थान स.वाट प्रमाण-पत्र २०४९
संलग्न संघ संस्थाहरु	:	१ सदस्यः विश्व हिन्दु महासंघ जि सर्मात संखुवा-स २. सदस्यः आजीवन नेपाल रेडक्रस सोसाइटी सं.स.जि ३. सदस्यः जि.सं.स. मनकामना सहकारी संस्था(खादवारी
अध्यक्ष	:	श्री ल.प्रा.वि. गुवावारी संचालक सर्मात खादवारी-३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

PRINTED AT
RAJ PRINTERS
Offset Press
Factory: Kochakhal, Biratnagar-6, Ph.: 537670
Office:Sansari Mai Sthan, BRT, Ph.:536044

Jayatu Sanskritam, Kathmandu, Nepal